# बर्दघाट नगरपालिका

## नवलपरासी, (बर्दघाट-सुस्ता पश्चिम)

## लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

बर्दघाट नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ९ मितिः२०७७/१२/१०


### भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दघाट नगरपालिकाको नगरकार्यपालिकाले बनाएको बर्दघाट नगरपालिकाको लैंगिक हिंसा कार्यविधि, २०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

## प्रस्तावना :

नेपालको संविधान, २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी

उपचार गर्न वा पुर्नस्थापना गर्ने कार्यका साथै प्रत्येक व्याक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दे घर परिवार भित्र, घरपरिवार संग गाँसिएर वा घर बाहिर हुने हिँसा जन्य कार्यलाई दण्डनिय बनाई त्यस्तो कार्य नियन्त्रणको लागि नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोष बाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैङ्गिक हिंसा निवारण कोष संचालन नियमावली, २०६७ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्तअनुदान रकम खर्च सम्बन्धि मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगरपालिकाको लैँगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी, २०७७ तयार गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम बर्दघाट नगरपालिकाको लैँगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि बर्दघाट नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिका भन्ने बुझ्नुपर्दछ ।

ख) “कोष” भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष बुझ्नुपर्दछ ।

ग) “पीडित” भन्नाले लैङ्गिक हिंसा बाट पीडित वा प्रभावित व्यक्ति बुझ्नुपर्दछ ।

घ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक ,यौनजन्य वा आर्थिक यातना बुझ्नु पर्दछ ।

ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिगंको आधारमा कसै प्रति शारीरिक, मानसिक, वा यौनजन्य क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनुपर्दछ र सो शब्दले लिगंको आधारमा हुने वा हुनसक्ने कुनैपनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपुर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

च) "कोष संचालन समिति" भन्नाले कार्यविधिको दफा (७ ) बमोजिम गठित समितिलाई बुझ्नुपर्दछ ।

## ३) कोषको स्थापनाः

१) लैङ्गिक हिंसा बाट पीडित तथा प्रभावितहरुको तत्काल उद्धार गर्न,राहत प्रदान गर्न तथा पुनःस्थापना गर्ने कार्य समेतका लागि सुनवल नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरेको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिने छ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

ख) बर्दघाट नगरपालिकाको आन्तरिक श्रोतबाट छुट्याइएको रकम,

ग) विभिन्न सघं, संस्था वा व्यक्ति बाट प्राप्त रकम

घ) अन्य कुनै आन्तरिक वा बाह्य श्रोतबाट प्राप्त रकम,

**स्पष्टिकरण** : यस कोषमा दाखिला हुन आउने रकमको वैधानिकता जाँच गरेर मात्र सम्बन्धित व्याक्ति वा संस्थाबाट लिईने छ। आम्दानीको श्रोत नखुलेको सम्पत्ति वा रकम लिईने छैन।

३) उपनियम (१) बमोजिमको रकम राष्ट्रिय वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

४) कोषको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

## ४) कोषमा रकम जम्मा गर्नेः

लैंगिक हिंसा पीडित तथा प्रभावितहरुको तत्काल उद्धार गर्न,राहत तथा पुनःस्थापना गर्ने काम समेतका लागि बर्दघाट नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नुपर्नेछ।

## ५) कोषको उपयोग :

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ -

क) पीडितलाई तत्काल उद्धार गर्न,

ख) पीडितलाई औषधी उपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

ङ) पीडितलाई कानुनी सहायता ,मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

च) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न ,

छ) पीडित र प्रभावित लाई पुर्नस्थापना गराउन,

ज) अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।

झ) पीडितको लागि कोष सचांलन समितिले तोके बमोजिमको अन्य काम गर्न ,

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसा बाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसा बाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६) कोषको रकम अन्य काममा उपयोगमा गर्न नसकिने** :कोषको रकम दफा (५)बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**७) राहत र आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

१) बर्दघाट नगरपालिकाले कोष परिचालन समिति गठन गरी पीडितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्नेछ ।

२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्नेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन पाँच यस रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपर्ने भएमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच यस रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैयाँ,

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रपैयाँमा नबढ्ने गरी लोगेको यर्थाथ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि बीउ पुँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

च) राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

३) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरि दिन सक्नेछ।

४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

## ८) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई नगरपालिकामा निवेदन दिनुपर्नेछ।

२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत वा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने मनासिव आधार देखिएमा संचालक समितिले दफा ७ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने मनासीव आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरी कार्यालयले तत्काल उपलब्ध गराउनुपर्नेछ।

४) उपदफा(१) बमोजम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सो को जानकारी निवेदकलाई गराउनुपर्नेछ।

**९) सचांलक समितिको गठन** :

१) पीडितलाई तत्काल उद्धार,राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष संचालक समिति रहनेछ ।

२) संचालक समितिको गठन  देहाय बमोजिम हुनेछ ।

क) बर्दघाट नगरपालिकाको नगर उपप्रमुख
-संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत
-सदस्य

ग) सामाजिक विकास समिति संयोजक
-सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख
-सदस्य

ङ) जनस्वास्थ्य प्रबर्द्धन शाखा प्रमुख
-सदस्य

च) ईलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधी
-सदस्य

छ) कानूनी मामिला शाखा प्रमुख
-सदस्य

ज) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा सुनवल नगरपालिका क्षेत्र भित्र कार्यरत गैर सरकारी संस्थाहरु  मध्येबाट संयोजकले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

झ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

३) राहत समितिको सचिवालय कार्यालयमा हुनेछ ।

४) राहत समितिको बैठक सम्बन्धी कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०) **समितिको काम, कर्तव्य र अधिकारः** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

ग) जिल्लास्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बिच समन्वय गर्ने,

घ) लैँगिक हिंसा हुन नदिनका लागि स्थानीयस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

११) **समितिको बैठक र निर्णयः**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

**१२) खाता संचालन :**

१) बर्दघाट नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम कुनै  वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

**१३) कोषको लेखा र लेखा परीक्षण** :१) कोषको लेखा र लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१४) कोषको रकम फ्रिज नहुने :** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१५) प्रतिवेदन पेश गर्ने** : १) समितिले आफुले गरेको कार्यको प्रत्येक छ महिनामा प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ साथै बार्षिक रुपमा समेत प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

**१६) बैठक भत्ता** : संचालक समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन ।

**१७) कोषको सचिवालय :** कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

**१८) अभिलेख राख्ने :** समितिले आफुले गरेका काम कारबाहीको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**१९) निर्देशन दिन सक्ने :**

१) नगर कार्यपालिकाले कोष संचालक समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**२०) संशोधन** : नगर कार्यपालिकाले आवश्यक ठानेमा कार्यविधी संसोधन गर्न सकिनेछ।

...............

मेघनाथ पाध्या

(प्रमुख प्रशासकिय अधिकृत)

प्रमाणिकरण मिति : २०७७/१२/१०